# सहयात्री उपन्यासमा नारी चेतना र सशक्तीकरण

**राजेन्द्र खनाल (पिएच.डी.)**
**उप-प्राध्यापक**
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर**
**sauravabhirk@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

## लेखसार

प्रस्तुत लेख सहयात्री उपन्यासमा रहेको नारी चेतना र सशक्तीकरणको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत लेखमा उपन्यासका नारीका अवस्था, नारी चेतना तथा सशक्तीकरणका सन्दर्भहरूको सोदाहरण विश्लेषण गरिएको छ । सहयात्री उपन्यास लैङ्गिक अत्याचार र विभेदको अन्त्यका लागि सबै नारीहरू सचेत हुनुपर्ने आग्रहमा केन्द्रित देखिन्छ । सामूहिक सक्रियताले अधिकार निर्माण तथा लैङ्गिक सन्तुलन कायम गर्न सकिने विचार यस उपन्यासका मुख्य उपलब्धि हुन् । लैङ्गिक दृष्टिले समानान्तर अस्तित्वलाई प्राधान्य दिइएको छ । नारीलाई केन्द्रीय भूमिका दिएर पुरुषसँगको समानान्तर सहकार्य तथा सक्रियताले मात्र सामाजिक परिवर्तन सम्भव छ भन्ने देखाउनु उपन्यासको सन्तुलित तथा सचेत प्राप्ति हो । समाजमा हुने लैङ्गिक समस्या तथा सामाजिक शोषण र दमनका विरुद्ध सामूहिक एवम् साङ्गठनिक तवरले सशक्त आवाजसहित सक्रिय हुँदा न्याय स्थापना गर्न सकिने जनाउँदै लैङ्गिक सशक्तता तथा समानान्तर सचेत भूमिकाको आवश्यकता रहेको सन्देश दिइएको छ भने सामूहिक सचेत आवाजले अन्यायको पराजय र न्यायको विजय देखाउँदै सकारात्मक परिणति प्रस्तुत गरिएको छ । उपन्यासमा सामाजिक, लैङ्गिक हिंसा एवम् समस्यालाई केन्द्रबिन्दु बनाएर इन्दुमार्फत् सशक्त चेतना निर्माण गर्दै लैङ्गिक समानताको पक्षपोषण गरिएको छ । नारी चेतना र सशक्तीकरणको आवाजलाई प्राधान्य दिई सचेत विचार प्रवाह गर्न सक्षम रहेकाले उपन्यासकार शीतविन्दु नारीकेन्द्री मुद्दामा संवेदनशील रहेको प्रस्ट हुन्छ ।

**शब्दकुन्जी** : नारी चेतना, सशक्तीकरण, मूलप्रवाहीकरण, समानान्तर अस्तित्व, सन्तुलन ।

## विषय प्रवेश

नारीलाई प्राथमिकता दिई पुरुषसरहको समान पहिचान तथा प्रतिष्ठाका निम्ति सञ्चालित आन्दोलनको उपजबाट विकसित मान्यता नारीवादका रूपमा स्थापित भएको छ । लैङ्गिक रूपमा समानता कायम गराउने र नारीहरूका अधिकारको वकालत गर्ने सैद्धान्तिक मान्यता नै नारीवाद हो (अली, १९९६, पृ.१०८) । नारीवादी सिद्धान्तले आस्तित्विक परिचयको कल्पना गर्छ र महिलाहरूको तहगत परिचय निर्धारण गर्नुका साथै राजनैतिक प्रतिनिधित्वको वैधानिक स्थापनामा जोड दिन्छ (बट्लर, १९९०, पृ.०१) । परम्परागत रूपमा चलिरहेको पितृसत्ताका विरुद्धमा नारीकेन्द्री विचारहरू नारीवादमा जन्मिएका हुन् जसले नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दछ । साथै महिलालाई आफ्नो स्वतन्त्र जीवनको अस्तित्त्वमा केन्द्रित हुन आग्रह गर्दछ । नारीवादलाई स्त्रीवादका नामबाट गौतम (२०५९) द्वारा यसरी चर्चा गरिएको छ : स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्दछ यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ ।

स्त्रीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ । नारीवादी समालोचकको प्रारम्भिक प्रयत्न नै साहित्यको शास्त्रसम्मत 'भाले' इतिहास परम्परालाई उल्टाउनु,

धर्म सूत्रात्मक लैङ्गिक रुढिबद्धतालाई नङ्ग्याउनु र नारी रचनाकारका कृतिहरूको पुनर्व्याख्या गर्नु वा तिनीहरूलाई पुनर्जीवन प्रदान गर्नेतर्फ परिलक्षित थियो (भट्टराई, २०६१, पृ.७१)। नारीवादीहरूले महिलाहरूको सामाजिक तथा आर्थिक उत्थानलाई प्राथमिकता दिन्छन् । नारीवादको वास्तविक रूप एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूको मुक्तिमा देखिन्छ र यस्ता रचनामा पनि त्यही आग्रह राखिन्छ । यौनका रुढिलाई चिरेर जीवनको नयाँ आकासमा समान जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादको मूल तन्तुका रूपमा देखिन्छ (बराल र एटम, २०६६, पृ.११७) । टाइसन (२००६) द्वारा नारीवादीले विभिन्न महत्त्वपूर्ण मान्यताहरू प्रस्तुत गरी विचारको प्रवाह गर्नुपर्ने धारणा व्यक्त भएको छ। पितृसत्ताबाट महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक, मनोवैज्ञानिक रूपमा दमित भएको कुरा प्रस्तुत गरिनुपर्ने; पितृसत्ताले महिलालाई अन्य, वस्तु, सीमान्त ठानेको र पुरुषवादी नियम र मानकबाट महिलामा अपूर्णता रहेको ठानिने कुरा व्यक्त हुनुपर्ने; पश्चिमी दार्शनिक धरातल पूर्ण रूपमा पितृसत्ताकेन्द्री भएकाले त्यसको वास्तविकता प्रस्तुत गर्नुपर्ने, लिङ्ग  जैविक निर्धारण हो तर लैङ्गिकता समाज तथा संस्कृतिबाट निर्मित हो भन्दै नारीत्व र पुरुषत्वको धारणा तथा व्यवहार सिकाइएको हो भन्नुपर्ने, सबै नारीवादी सिद्धान्त र साहित्यिक समालोचनाले महिला समानताको खोजी गर्नुपर्ने तथा लैङ्गिक मुद्दामा सचेतनापूर्वक कार्य गर्नुपर्ने कुरालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

सहयात्री उपन्यासकार शीतविन्दुद्वारा लेखिएको प्रगतिवादी सामाजिक उपन्यास हो । उक्त  उपन्यासमा राजनीतिक सन्दर्भको कन्द्रीयता छ । यसमा नारीले सामाजिक तथा राजनैतिक रूपान्तरणमा खेल्न सक्ने भूमिकालाई प्राधान्य दिइएको छ । उपन्यासमा नारी सशक्तीकरणको आह्वानसहित समतामूलक समाजको अपेक्षा पाइन्छ । यस लेखमा उपन्यासकार शीतबिन्दुद्वारा लेखिएको यस उपन्यासमा उद्घाटन गरिएका नारीका अवस्था, नारी चेतना र सशक्तीकरणको विश्लेषण गरिएको छ। मूलतः सहयात्री उपन्यासमा रहेको नारी चेतना र सशक्तीकरणको  विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख वर्णनात्मक विधिमा आधारित छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरिएको यस लेखमा सहयात्रीउपन्यासलाई प्राथमिक स्रोत बनाइएको छ। त्यसैगरी नारीवादसँग सम्बन्धित सैद्धान्तिक ग्रन्थहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। सहयात्री उपन्यासको नारीवादी दृष्टिले विश्लेषण गरिएको प्रस्तुत लेखमा नारीको अवस्था, नारी चेतना र सशक्तीकरणलाई उदाहरणसहित विश्लेषण गरिएको छ ।

## नारी चेतना र सशक्तीकरण

पुरुषवादको एकाधिकार र हैकमका विरुद्धमा स्त्रीहरू पनि सचेत बन्न थालेपछि नारीवादको जन्म भयो । विश्वमा नारीवाद र नारी चेतनाको बीजारोपण गर्ने कृतिका रूपमा सिमोन द बुभाको द सेकेन्ड सेक्स  तथा एङ्गेल्सको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्तिलाई मानिन्छ। नारीवादी आन्दोलनको रूपमा सन् १८४८ को सेनेका फल्स कन्भेन्सन र बेट्टी फ्राइडनको फेमिनिन मिस्टिकलाई सघन मानिएको छ। नेपालमा २०४० सालपछि मात्र नारीवादी चेतनाको सुरुआत भएको मानिन्छ। पाश्चात्य जगत्मा नारी जागरणको प्रारम्भ भएको देखिन्छ। सामाजिक राजनीतिक तहमा व्यक्तिगत ढङ्गले १८ औं शताब्दीमा र साङ्गठनिक ढङ्गले १९ औं शताब्दीको मध्यतिरबाट भएको कुरा उल्लेख नारी जागरणमूलक लेखनको प्रारम्भ भने सन् १७९२ मा प्रकाशित मेरी वल्स्टोनक्राफ्टको अ भिन्डीकेसन अफ द राइट्स अफ उमनबाट भएको पाइन्छ। यद्यपि महिला लेखन भने इ.पू. छैटौं शताब्दीकी सफ्फोदेखि नै प्रारम्भ भएको परम्परागत रूपमा चलिरहेको पितृसत्ताका विरुद्धमा नारीकेन्द्री विचारहरू नारीवादका रूपमा विकसित भएका हुन् जसले नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दै महिलालाई आफ्नो स्वतन्त्र जीवनको अस्तित्वमा केन्द्रित हुन आग्रह गर्दछन् ।

सशक्तीकरण समानतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधार र प्रक्रिया पनि हो । निर्णयमा सहभागी तुल्याउनु,

नयाँ सम्भावनालाई प्रश्रय दिनु, सामाजिक गतिशीलता बढाउनु, सचेत र शिक्षित तुल्याउनु, अवसर दिनु, प्राथमिकता दिनु, आत्मबल बढाइदिनु, प्रोत्साहित गर्नु, प्रतिष्ठा र सम्मान दिनु, संगठित तुल्याउनु, नेतृत्व दिनु, सिप र ज्ञान दिनु आदि कार्यहरू सशक्तीकरणका प्रक्रिया हुन् । लैङ्गिक रूपमा पछाडि पारिएका वा नियन्त्रणमा परेका व्यक्तिलाई सक्षम तुल्याउनुलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । कुनै समाजमा महिलाद्वारा पुरुष नियन्त्रित छन् भने उनीहरूको मुक्ति र सक्षमता अभिवृद्धि पनि लैङ्गिक सशक्तीकरण नै हो । जैविक, सामाजिक तथा यौनिक रूपमा एकथरि लिङ्ग / लैङ्गिकता भएका व्यक्ति तथा संस्थाले अर्कोथरि लिङ्ग /लैङ्गिकता भएका व्यक्ति वा संस्थाहरूलाई सीमित र नियन्त्रण गरेको अवस्थामा ती सीमित र नियन्त्रित अवस्थामा रहेका व्यक्ति वा संस्थाहरूलाई विशेष अवसर प्रदान गरेर सशक्त तुल्याई मूल धारमा ल्याउने कार्यलाई लैङ्गिक सशक्तीकरण भनिन्छ ।

सशक्तीकरण एउटा प्रक्रिया हो, यसले निर्णायक तह प्रक्रियाभन्दा बाहिर रहेकाहरूलाई उक्त प्रक्रियामा समावेश गर्दछ। आर्थिक क्षेत्र, राजनीतिक संरचनाहरू र औपचारिक निर्णय प्रक्रियामा सहभागिता हुनुपर्ने कुरालाई जोड दिन्छ। आम्दानी प्राप्त गर्ने क्षमता वृद्धिमा जोड दिन्छ (अर्याल, २०६८, पृ. ४९) । समाजमा रहेका जुनसुकै लैङ्गिकता भएका व्यक्ति जो उपेक्षित वा मूल धारबाट पछाडि पारिएका छन्, उनीहरूलाई प्रत्येक कार्य गर्न सक्ने बनाउन गरिने सबलीकरणको प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ। महिला भएका कारण समाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा पछि परेकालाई अगाडि ल्याउने प्रक्रिया हो । पछि पारिएका महिला, सामाजिक, सांस्कृतिक रूपमा दबाइएका तथा शोषित महिलाहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्राप्त गर्नसक्ने बनाउनु महिला सशक्ती करण हो (आचार्य, २००४, पृ. ४१) । सामाजिक संरचना तथा दमनका कारणबाट शक्तिहीन बनेकाहरूलाई सशक्ततुल्याउनु सशक्तीकरण हो (लुइटेल, २००८, पृ. २१४) । राज्य, समाज वा संस्थाबाट उपेक्षित बनाइएका व्यक्तिहरूलाई दक्ष र सक्षम तुल्याउन गरिने विशेष कार्यलाई सशक्तीकरण भन्न सकिन्छ ।

सशक्तीकरण भनेको कुनै पनि अधिकार अवसर तथा सामाजिक मूल्य मान्यताबाट बञ्चित गराइएकाहरूलाई विशेष अवसर र सहुलियतसहित उनीहरूको आत्मसम्मानमा वृद्धि गरी सम्पूर्ण स्रोत साधनमा पहुँच पुऱ्याएर अधिकार सम्पन्न बनाउनु र सक्षम तुल्याउने कार्य गर्नु सशक्तीकरण हो भने लैङ्गिकताका आधारमा पछाडि पारिएका र नियन्त्रणमा परेकाहरूलाई शक्ति सम्पन्न गराउने प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ ।

## परिणाम र विश्लेषण

सहयात्री सामाजिक, राजनीतिक तथा लैङ्गिक समस्याहरूलाई उद्घाटन गरी ती समस्याहरूको समाधानका लागि सशक्तीकरणसहितका सन्दर्भहरू समावेश गरिएको प्रगतवादी उपन्यास हो । राजनीतिक परिवर्तनले मात्र समाजका लैङ्गिक, आर्थिक तथा जातीय समस्याको समाधान गर्न सक्छ भन्ने प्रगतिवादी विचार प्रस्तुत भएको छ। पितृसत्तात्मक सामाजिक संरचनाका कारणबाट लैङ्गिक विभेद तथा हिंसा निम्तिएको पक्ष सहयात्रीमा उजागर भएको छ । त्यस्तै लैङ्गिक समस्याको अन्त्यका लागि लैङ्गिक चेतना र सशक्तीकरणको प्रखर आवाज व्यक्त गरिएको यस उपन्यासमा लैङ्गिकताका विविध सन्दर्भहरू उठान भएका छन् ।

## उपन्यासमा नारीको अवस्था

परम्परागत समाजका लैङ्गिक विभेद र अन्याय, लैङ्गिक समानताको खोजीमा देखिएका चुनौती तथा प्राप्त सफलता गरी लैङ्गिकताका तीन अवस्था उपन्यासमा उठान गरिएको छ । नेपाली ग्रामीण समाजमा तुलनात्मक हिसाबले लैङ्गिक विभेद र अन्यायका बढी समस्या हुन्छन् । किनभने शैक्षिक स्थिति र चेतनाको कमजोर अवस्थाका कारणले न त समानताको व्यवहार हुन्छ न त चेतनाको खोजी हुन्छ । त्यस्तै, पछौटेपन बढी भएका समाजमा परम्परागत अन्धविश्वासहरू अत्यन्त बढी हुने गर्दछन् । त्यसैले त्यस्ता पिछडिएका समाजको लैङ्गिक स्तर र समानताको पहुँच बढाउनुपर्ने विचार पनि व्यक्त भएको छ ।

परम्परागत पितृसत्तात्मक मान्यता बोकेको नेपाली समाजको संयुक्त परिवारमा बुहारी अर्थात् नारीले भोग्नु पर्ने समस्याहरू, लैङ्गिक हिंसा तथा उपेक्षाका विविध अवस्था (पृ.३, ४, ५) प्रस्तुत छन् । त्यस्तै पुरुषहरू घर बाहिरका खासखास काममा केन्द्रित रहने अन्य समयमा महिलाहरूलाई गृहकार्यमा सघाउनुको सट्टा विभिन्न

मनोरञ्जन र कुलतमा तल्लीन (पृ.४) हुने वास्तविकता छ ।
परम्परागत संस्कारबाट ग्रसित बनेका प्रौढ महिलाहरू, जसले परिवारमा सासु बन्नु परेको हुन्छ, उनीहरू आफूले भोगेका दुःखपूर्ण अवस्था र अन्यायसँग तुलना गर्दै परिवर्तित समयका बुहारीहरूबाट पनि सोही आचरणको अपेक्षा (पृ.५) गर्दछन् । यसले लैङ्गिक चेतनाको अभाव तथा पितृसत्ताको सङ्कीर्ण मानसिकतालाई उजागर गरेको देखिन्छ । छोराको चाहना गर्दै अनेकौं छोरी जन्माउने तर उनीहरूलाई उपेक्षा गर्ने र अर्की महिला भित्र्याउने पुरुषवादी सङ्कीर्ण मानसिकता (पृ.८) प्रस्तुत गर्दै नारी र पुरुषबिच समाजमा रहेका लैङ्गिक विभेदका अवस्था (पृ.८) सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । ग्रामीण जनजीवनमा महिलाको स्तर र स्थिति अत्यन्त कारुणिक र निरीह रहेको हुन्छ । उपन्यासमा नन्दहरू, जो भविष्यमा अर्को घरको बुहारी नै बन्ने हुन् र स्वयं नारी नै हुन्, भाउजूका समस्या तथा दुःखमा संवेदनाविहीन (पृ.९-१०) देखिन्छन् भन्दै लैङ्गिक चेतना अभावको अवस्था प्रस्तुत छ। यस्तो हुनु पनि शैक्षिक स्तर तथा छोरीलाई शैक्षिक वातावरणबाट वञ्चित गर्ने पुरुषवादी संस्कार कै उपज हो । जसले गर्दा युवतीहरूमा आश्रित मनोविज्ञान निर्माण (पृ.२०) हुने र पुरुषहरूकै दासजस्तै ठानेर क्षणिक तथा सीमित आनन्दमा रमाउन बाध्य बनेको अवस्था हो । यस्तो चेतनाशून्य विकराल अवस्थामा शैक्षिक तथा चेतना वृद्धि गर्ने कुरालाई पछाडि पारिएका युवतीहरूले हाँसोको विषय (पृ.२१) बनाउने यथार्थ उद्घाटन गरिएको छ ।

पितृसत्तात्मक सोचाइ भएका पुरुष यौन दुराचारीहरूले नारीलाई यौन उपभोगको वस्तु ठानेर यौनिक हिंसा र अपराध गरी हत्या गर्ने गरेका (पृ.२९) घटनाहरूको उठान भएको छ। त्यस्ता लैङ्गिक र यौनिक अपराधका विरुद्ध नारीपुरुष एक भएर आन्दोलित हुनुपर्ने (पृ.२९) अवस्थाको सङ्केत गरिएको छ । लैङ्गिक स्वतन्त्रता तथा जीवनको सुरक्षाको खोजी गर्दै लैङ्गिक सचेतना र सशक्ततासहितको आवाज (पृ.३०) प्रस्तुत भएको छ। लैङ्गिक समानता तथा स्वतन्त्रताको लडाइँमा नारी पनि पुरुषसरह सक्रिय ढङ्गले सङ्घर्षशील बन्न आग्रह (पृ.३३) गर्दै त्यसमा सक्षम रहेको जनाइएको छ । साथै समाज र राष्ट्रप्रति नारी तथा पुरुषको समानान्तर भूमिका (पृ.३४) आवश्यक पर्ने जनाउँदै लैङ्गिक सशक्तीकरणको अवस्था प्रस्तुत गरिएको छ । पतिको अभावमा निकै दुःख झेल्दै (पृ.४२) छोरीलाई सकेसम्म खर्च गर्दै शिक्षित र सक्षम बनाउन गरेको प्रयत्नको लैङ्गिक दृष्टिले सन्तुलित भूमिका खेलेको देखिन्छ । निम्नपुँजीवादी मनोवृत्ति भएका युवतीहरूका कारणबाट नै नारीले पुरुषबाट बढी लैङ्गिक अन्याय र अत्याचार गरिरहेको (पृ.४५) विचार प्रस्तुत गर्दै पुरुषको धन र गहनामा बिकेर नहिँडी नारीत्वको संरक्षण तथा अस्तित्वमा सबल बन्न आग्रह (पृ.४६) गरी सशक्त विचार व्यक्त भएको छ। पितृसत्तात्मक सङ्कीर्ण चिन्तन र स्वार्थी प्रवृत्तिका पुरुषहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्नका लागि आफ्नै छोरीलाई वस्तुसरह बिक्री गरेझैं गरी लैङ्गिक हिंसा गरिरहेका (पृ. ५२, ८३) सन्दर्भहरू प्रस्तुत गर्दै त्यस्ता आपराधिक कुकार्यहरूको सचेततापूर्वक प्रतिवाद गर्नुपर्ने आवश्यकता रहेको (पृ.५३) औ ल्याइएको छ ।

सामाजिक परिवेश तथा परम्परागत मानसिकताका कारणले भावनात्मक प्रबलता उत्पन्न भई नारीमा देखापरेको भावुकता (पृ.५६) उपयुक्त उत्प्रेरणा र परामर्शपछि दृढतामा परिवर्तन (पृ.५६) भएको अवस्था जनाइएको छ। अनमेल विवाह तथा बाल विवाहका कारणबाट लैङ्गिक हिंसा तथा अन्याय हुने गरेको (पृ.६५, ८१) अवस्था उल्लेख गर्दै पुरुष वा लोग्नेबाट पूर्ण उपेक्षित र विमुख बन्नुपरेको जटिल लैङ्गिक अवस्थाको चित्रण गरिएको छ । छोरी र छोरामा लैङ्गिक विभेदपूर्ण व्यवहारहरू हुने (पृ.७१) तथा नारीहरूले त्यसको वास्तविकता बुझ्न नसकेको यथार्थ परिवेश (पृ.७१) को चित्रण गरिएको छ । राजनीतिक तथा लैङ्गिक चेतना विकासका निम्ति सामाजिक परिवेशअनुसार त्यहाँको वस्तुस्थितिलाई आत्मसात गरेर मानिसहरूको मनोविज्ञान बुझेर उनीहरूको चेतना स्तरमा क्रमिक सुधार ल्याउनुपर्ने (पृ.७७) आग्रहपूर्ण स्थिति प्रस्तुत गरिएको छ । सकारात्मक सोचाइ र व्यवहारका आधारमा क्रमिक परिवर्तन सम्भव भएको धारणा (पृ.७७) व्यक्त भएको छ । अशिक्षित तथा पछाडि पारिएका मानिसहरूमा सचेतना वृद्धि गर्न नारी र पुरुष दुबैले समानान्तर भूमिका निर्वाह गर्नुपर्ने विचार प्रस्तुत गर्दै समाजमा पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकता

भएका व्यक्तिहरूले सकारात्मक रूपमा नलिने (पृ.८१) लैङ्गिक विभेदयुक्त स्थितिको समेत उजागर गरिएको छ । दाजुभाइलाई पढ्नका लागि विशेष व्यवस्था हुने तर दिदी बहिनी उपेक्षापूर्ण व्यवहार र गृहस्थी काम सकेर पिल्सिएर पढ्नुपर्ने (पृ.८२) लैङ्गिक विभेदयुक्त व्यवहारका कारणले सम्भावना भएर पनि शैक्षिक उन्नति गर्न नपाउने लैङ्गिक अन्यायको उद्घाटन (पृ.८२-८३) गर्दै छोरीलाई जानकारी नगराई, उसको स्वीकृतिविना नै बिहे गरेर पठाउने अवस्थाको सूक्ष्म वर्णन गरिएको छ । नारीलाई उसको नाम र पहिचानविना नै व्यवहार गर्ने, लैङ्गिक तथा शारीरिक हिंसाजन्य व्यवहार गर्ने (पृ.८४) अवस्थालाई सचेत हुन सङ्केत (पृ.८५) गरिएको छ । युवतीहरूमाथि यौन दुराचारी प्रवृत्ति भएका पुरुषहरूले यौनिक हिंसा जन्य व्यवहार गर्दा (पृ.१०३) पनि पितृसत्तात्मक पुरुषवादी मानसिकता भएका पुरुष तथा महिलाहरूले यौन दुराचारी पुरुषहरूलाई नै संरक्षण गर्ने प्रयत्न (पृ.१०४) गर्ने विभेदयुक्त परिवेशको उद्घाटन गरिएको छ।

वर्गीय तथा जातीय विभेदका कारणले लैङ्गिक हिंसा र अन्याय अझ बढी हुने सङ्केत पनि गरिएको छ । छोरी जन्मिनुमा आमालाई अवैज्ञानिक आरोप लगाएर पीडा दिनु, छोरीलाई हेला गर्नु, छोरालाई स्कुल र छोरीलाई घाँस काट्न वन पठाइने (पृ.११०) लैङ्गिक विभेद, अन्याय तथा अत्याचारका सन्दर्भहरू प्रस्तुत गर्दै यी पितृसत्तात्मक पुरुषवादी सामाजिक कुसंस्कारका परिणाम भएकाले त्यस्ता लैङ्गिक समस्यातर्फ नारी र पुरुष सजग ढङ्गले सक्रिय भई निराकरण गर्दै लैङ्गिक सन्तुलन कायम गर्नुपर्ने विचारसहित उपन्यासमा लैङ्गिकताका सन्दर्भ प्रस्तुत गरिएको छ ।

## उपन्यासमा प्रस्तुत नारी समस्या

सहयात्री उपन्यास लैङ्गिक तथा सामाजिक समस्यालाई केन्द्रबिन्दु बनाएर ती समस्याहरूको समाधानका लागि राजनैतिक सङ्घर्ष र सफलतामा अभिमुख राजनैतिक उपन्यास हो । त्यसैले यहाँ लैङ्गिक विभेद, हिंसा, अपराध तथा अन्यायका बग्रेल्ती उदाहरणहरू रहेका छन् । समस्याका कारण सामाजिक तथा राजनैतिक प्रणाली हो भन्दै त्यस्तो लैङ्गिक विभेद तथा सामाजिक अन्यायपूर्ण प्रणालीको अन्त्यका लागि आह्वान गरिएको छ । ग्रामीण समाजका वास्तविक लैङ्गिक समस्याहरू उद्घाटन गर्न शीतविन्दु सफल रहेका छन् । वर्गीय विभेदयुक्त अवस्थामा लैङ्गिक समस्या अझ बढी हुने भएकाले समग्र सामाजिक संरचनातर्फ नै उपन्यासकार परिलक्षित देखिन्छन् । पितृसत्तात्मक परम्परावादी समाजमा छोरासमानकै देवरले पनि पुरुष भएकै कारण भाउजूलाई उपेक्षापूर्ण व्यवहार गर्दै आफ्नो प्रभुत्व स्थापित गर्ने प्रयत्नमा लागेको (पृ.३) विभेदयुक्त अवस्था उपन्यासमा व्यक्त गरिएको छ । यसलाई सामाजिक संरचनाले निर्माण गरेको लैङ्गिक विभेदको सबल उदाहरण मान्न सकिन्छ । बुहारीलाई छोराको दौराको फेर समाएको भन्दै आश्रित र नियन्त्रित ठान्नु, बहुविवाह गर्नु, सासु ससुरा तथा जेठाजुलाई हेर्न र उनीहरूसँग बोल्न नहुनु (पृ.६) लैङ्गिक विभेदयुक्त समस्या हुन् ।

पुरुषहरूले महिलामाथि गर्ने शारीरिक हिंसालाई यसरी चित्रण गरिएको छ, “घरकाको कीरा पर्ने हात चिलाउन थाल्छन् र जगल्ट्याउन गाड्छन् (पृ.६) ।” माथिको कथनमा शारीरिक हिंसा र अपराध त छँदै छ साथै स्त्रीले पुरुषलाई ‘घरका’ भन्दै नाम लिन नमिल्ने दासत्वपूर्ण अवस्थाको सङ्केत पनि प्रस्तुत भएको छ। छोरा जन्माउन नसक्ने भन्दै स्त्रीलाई पुरुषले उपेक्षा गर्ने र दोस्रो बिहे गर्ने गरेको यथार्थ उद्घाटन ‘सानै उमेरमै छवटी छोरीकी आमा भैसकेकी सीताले छोरा जन्माउन नसकेकाले सौताको भारी बोक्नु परेको (पृ.८) ।’ सन्दर्भबाट गरिएको छ । यसबाट पुरुषले आफ्नो दोष नारीलाई थोपरेर तथा बहुविवाह गरेर लैङ्गिक अन्याय गरेको प्रस्ट हुन्छ । बिहेपछि लोग्नेको मृत्यु भएका एकल महिलालाई बोक्सीको आरोपमा लैङ्गिक हिंसा र अत्याचार गर्ने गरेको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ, “उनी बिहा भएर यहाँ आएकै वर्ष उसको लोग्ने सन्निपातले गर्दा मरेको थियो र देवर भीरबाट खसेको थियो । त्यसैले सबैले उसलाई बोक्सी भन्छन्, गाली गर्छन्, सराप्छन् (पृ.१०) ।” यसबाट परम्परागत पितृसत्तात्मक सङ्कीर्ण मानसिकताका कारणले नारीहरूले हिंसाजन्य व्यवहार खेप्न बाध्य बनेको वास्तविकता उजागर भएको छ। सामाजिक संस्कारभन्दा भिन्न ढङ्गले

घर भित्र्याइएकी बुहारीलाई गरिने विभेद र अन्यायपूर्ण व्यवहार उद्घाटन गर्दै इन्दुले भोग्नुपरेको वास्तविकता प्रकट गरिएको छ । "उनी एउटा फिर्का तानेर ढिकमुनि बस्छिन्, चिना हेराएर, लगन जुराएर, जग्गे बसालेर कन्यादान नभएकाले उनलाई चुलामा जाने अधिकार छैन (पृ.११) ।" यस्तो परम्परागत संस्कारभन्दा भिन्न ढङ्गले बिहे गर्ने पुरुषलाई सम्मानपूर्ण व्यवहार हुने र नारी उपेक्षित हुने अवस्था तुलनात्मक रूपले पनि अत्यन्त विभेदयुक्त अत्याचार हो ।

बिहान सबेरैदेखि राति अबेलासम्म निरन्तर काममा जोतिइरहने बुहारीलाई परिवारका अन्य सदस्यले खाएजस्तै सन्तुलित खाना नदिएर उपेक्षापूर्वक वस्तुसरह व्यवहार गर्दै निम्नस्तरको खानेकुरा दिने (पृ.११) सन्दर्भ लैङ्गिक विभेद र समस्याको ज्वलन्त नमुना हो । निम्नपुँजीवादी प्रवृति बोकेको हरिलालले तिन ओटा बच्चाकी आमा भइसकेकी आफ्नी पत्नीलाई नराम्री भनेर सहरमा नक्कली केटीसँग अर्को बिहे गर्नु (पृ.२४) पनि लैङ्गिक विभेदको अवस्था हो । दुइटी चेलीका लासहरू सेतीका किनारामा सडिरहेको (पृ.२९) अवस्था यौनिक हिंसा र अपराधको सङ्केत हो । गगनसिंहले आफ्नो स्वार्थपूर्ति गर्न र मुद्दा जित्नका लागि बाबुले छोरीलाई वस्तुसरह बेच्ने परिवेशले (पृ.५२) लैङ्गिक हिंसा र अन्यायको उद्घाटन गरेको छ । त्यस्तै, उसैले आफ्नी पत्नीलाई बुटले छातीमा हिर्काउनु (पृ.५३) शारीरिक हिंसा हो । इन्दुलाई बसमा यात्रा गर्दा गुण्डाजस्ता केटाहरूले घिनलाग्दा आँखाहरूले हेर्नु (पृ.६०) यौनिक हिंसाजन्य व्यवहार हो । बालविवाहले समाजमा लैङ्गिक अधीनता र अन्याय निम्त्याएको वास्तविकता प्रस्ट पारिएको छ । "नौ वर्षको उमेरमा उनलाई जबरजस्ती डोलीमा चढाइएको थियो (पृ.६५) ।" त्यस्तै, पत्नीका चाहना र आवश्यकता नबुझ्ने पुरुषहरूले आफ्ना स्वार्थ मात्र पूरा गर्ने (पृ.६५) गर्दछन् भन्दै लैङ्गिक अन्यायलाई प्रस्तुत गरिएको छ ।

साइँलीको सात वर्षको उमेरमा भएको बालविवाह तथा एघार वर्षको उमेरदेखि घर गर्न थालेको स्थिति (पृ.८१) ससुरालाई घिउ हालेको भात, अरुलाई जडनको भात तथा बुहारीहरूलाई आटो दिने त्यो पनि अपुग भएर माटो खान बाध्य हुनुपर्ने (पृ.८२) अवस्थाको चित्रणले नेपाली समाजमा रहेको लैङ्गिक समस्या तथा अत्याचारलाई छर्लङ्ग पारेको छ । किशोरावस्थामा नै सुत्केरी हुनुपर्ने, सुत्केरी अवस्थामा उपेक्षा र घृणा बेहोर्नुपर्ने (पृ.८२) जस्ता विवशताले लैङ्गिक अन्यायलाई देखाउँछन् । उत्कृष्ट सम्भावना भएकी विष्णुले शैक्षिक क्षमता विकास गर्नका लागि विभेदयुक्त व्यवहार भोग्नुपरेको यथार्थ पनि यसरी उजागर गरिएको छ, "मैले सात कक्षासम्म पढ्दा सधैभरि पहिला कि दोस्रा हुन्थेँ । ... बिहान अँधेरै उठेर घाँस ल्याउँथे र अलिकति भए पनि पढ्थेँ । साँझ पनि स्कुलबाट आएपछि घाँस, पानी पुऱ्याएर पढ्न बस्थेँ । दाजुभाइलाई काम गर्नु पर्दैनथ्यो, उनीहरूका लागि पढ्ने छुट्टै कोठा थियो । मैले भने राती अबेलासम्म अँगेनाको छेउमा धुँवामा पिल्सिएर पढ्नुपर्थ्यो (पृ.८२) ।" यसबाट नेपाली समाजमा छोरा र छोरीप्रति गरिने लैङ्गिक विभेद, शोषण र अन्याय स्पष्ट हुन्छ । त्यति मात्र होइन त्यस्तो दुःखपूर्ण स्थितिमा पनि पढ्न चाहने विष्णुजस्ता किशोरीहरूलाई उनीहरूको असहमति र चाहनाविना नै बिहे गरेर वस्तुसरह पठाइदिने (पृ.८३) विभेदकारी सामाजिक संरचनाका वास्तविकता देखाइएको छ ।

उपन्यासकारले पितृसत्तात्मक सामाजिक परिवेशका नारीहरूले बालविवाह, अनमेल विवाहका कारण भोग्नु परेका एकल महिलाका समस्या, बहुविवाहका समस्या, अनिच्छापूर्वक गर्भाधान गर्नुपर्ने समस्या आदि लैङ्गिक समस्यालाई उजागर गरेका छन् । पौडेल्नी माइलीले भोगेको लैङ्गिक अत्याचार यस्तो छ "नौ वर्षको उमेर मा ५२ वर्षे बूढासँग मेरो बिहा भएको हो । मेरा अन्धा दाइको बिहा गर्न मलाई साटो हालेका थिए । ... बाजे जस्ता बूढाको खुट्टाको जल खानपर्दा कस्तो भयो होला ? पन्ध्र वर्षको उमेरमा मलाई विधुवा हुनुपऱ्यो । ... मेरो अंशजति जेठाजु र देवर मिलेर खाइदिए । ... जनतन एक मुठी परान धानेर बसेकी छु । तर उल्टै हामी बोक्सी रे (पृ.८४) !" यस्ता अत्यन्त अमानवीय र क्रूर लैङ्गिक हिंसा बेहोरेका कैयौ वास्तविकताले नेपाली समाजको लैङ्गिक हिंसा, अपराध तथा अत्याचारका सबल नमुनाको उद्घाटन गरेका छन् । पल्लारे साइँलीले भोगेका शारीरिक यातना तथा हिंसाले लैङ्गिक समस्याको जर्जर अवस्थालाई सङ्केत गरेको देखिन्छ । "त्यहाँ

नील डाम छन् र एउटा गहिरो घाउ छ । उनले मजेत्रो हटाउँछिन् । रौं उखेलिएका टाटाहरू छर्लङ्गै देखिन्छन् (पृ.८४) ।" मध्यरातसम्म भान्सा कुरेर बसिरहेकी पत्नीलाई रक्सीले मातेर आएको पतिले चिरुवा दाउराले हानेर (पृ.८४) लैङ्गिक हिंसा र यातना दिने गरेका यथार्थ अवस्था देखाइएको छ ।

लैङ्गिक समस्याको यस्तो विकराल अवस्थाको सघन चित्रण गर्न शीतविन्दु सफल भएका छन् । पुरुषहरूले पत्नीको नामअनुसार सम्बोधन नगरी आइमाई, कोप्ची, कुकुर्नी, राँडी, राछेस्नी भन्दै (पृ.८४) नियन्त्रण र अन्याय गर्ने गरेको स्थिति लैङ्गिक विभेद र अत्याचार हो । युवतीहरू यौन दुराचारी पुरुषहरूको यौन हिंसाका सिकार बनेको स्थिति चन्द्रालाई धर्मेले गरेको व्यवहारबाट (पृ.१०३) प्रस्ट हुन्छ । "उसका क्रूर हातहरूले उनलाई चरप्प अँठ्याउँछन् । उनको धोती च्यातिन्छ चोली उधिन्छ । उनी छटपटाउँछिन् (पृ.१०३) ।" नारीहरू पुरुषबाट प्रत्येक पक्षमा हिंसाजन्य र अन्यायपूर्ण व्यवहारका सिकार बनेका अवस्थाले प्रत्येक पक्षमा हिंसाजन्य र अन्यायपूर्ण व्यवहारका सिकार बनेका अवस्थाले लैङ्गिक समस्याका अनेकौं नमुना प्रस्तुत गरेका छन् । यसरी सहयात्री उपन्यासमा तत्कालीन समयका पितृसत्तात्मक सामाजिक संरचनाम भए गरेका लैङ्गिक विभेद, अन्याय तथा अत्याचारका सन्दर्भहरूलाई लैङ्गिक समस्याका रूपमा विशिष्ट ढाँचामा यथार्थपरक किसिमले प्रस्तुत गरिएको छ ।

## नारी चेतना र सशक्तीकरण

प्रगतिवादी विचारसहित लैङ्गिक सन्तुलन तथा सशक्तीकरण गर्दै नारी र पुरुषलाई समानान्तर भूमिका दिई नारीलाई अग्रीकृत बनाइएको सहयात्री लैङ्गिक दृष्टिले महत्त्वपूर्ण एवम् प्रभावकारी उपन्यासका रूपमा रहेको छ । वैचारिक आग्रहसहित लैङ्गिक चेतना र सशक्ती करणलाई प्राधान्य दिइएकाले प्रस्तुत उपन्यासको उच्च महत्ता छ । समाजमा हुने विभिन्न लैङ्गिक समस्याहरूको सूक्ष्म विचरण गर्दै ती समस्याको निराकरण गर्ने ध्येय राखिएकाले उच्च स्थान त छँदै छ, त्यसका अतिरिक्त विभिन्न राजनैतिक तथा सामाजिक अन्याय एवम् विभेदका विरुद्धमा नारी र पुरुषलाई समान महत्त्वका साथ सक्रिय तुल्याइएकाले पनि थप उपलब्धिमूलक बनेको छ । त्यस्तै पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएका प्रौढ स्त्री र पुरुषमा समेत लैङ्गिक तथा राजनीतिक चेतना अभिवृद्धि गर्दै परिवर्तनको अभियान सक्रिय बनाइएको छ । परम्परित अन्यायपूर्ण र विभेदकारी संरचनाको अन्त्य गर्न गरिएको आन्दोलन सफल भएको देखाएर लैङ्गिक सफलता तथा सक्षमता प्रस्तुत गरिएको छ । उपन्यासकी केन्द्रीय पात्र तथा अन्य अधिकांश नारी पात्रहरूमा लैङ्गिक चेतना र सशक्तीकरणको सघन अवस्था देखाइएको छ । पुरुष पात्रहरूले पनि लैङ्गिक दृष्टिले सम्मानपूर्ण आचरण व्यवहृत गर्दै सामाजिक र लैङ्गिक समस्या समाधानमा सशक्त भूमिका खेलेका छन् ।

उपन्यासका प्रमुख नारी र पुरुष पात्र दुबैले विभिन्न समस्याको समाधानका लागि आफूलाई निरन्तर सक्रिय तुल्याएका छन् फलस्वरूप सफलता समेत हासिल भएको छ । उपन्यासकी प्रमुख नारी पात्र इन्दुले समाजमा रहेका लैङ्गिक समस्या तथा अत्याचारको गहन अध्ययन गरी ती विभेदका विरुद्धमा समुदायलाई नै प्रशिक्षित गर्न सफल बनेकी र न्यायका लागि गरिएको सङ्घर्षको नेतृत्व समेत गरेकी छन् भने लेखकीय विचार तथा भावनाको समेत प्रतिनिधित्व गर्दै मुख पात्र बनेकी छन् । त्यसो त लेखकीय मुख्य विचार तथा औपन्यासिक उद्देश्यलाई ज्योति, नवराज, कृष्ण आदि पात्रले सैद्धान्तिक रूपमा ग्रहण गरेका छन् भने उक्त पात्रमा भएको वैचारिक धारलाई इन्दुले व्यवहारमा उतार्न सफल बनेकी छन् । साथै ज्योति र नवराजले भोगेका भोगाइ, दृढता तथा आत्मविश्वासले पनि वैचारिक प्रखरतासहित व्यावहारिक उच्चता प्राप्त गरेको देखिन्छ । त्यसैले सहयात्रीलैङ्गिक चेतना र सशक्तीकरणका सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण तथा सार्थक उपन्यास बनेको छ । लक्ष्मीद्वारा गरिएको भाउजू इन्दुप्रतिको उपेक्षा भाव र व्यवहार लैङ्गिक संवेदनशील नदेखिएकाले नन्द एकदिन भाउजू बन्नैपर्ने सामाजिक यथार्थ स्वीकार गर्दै नारीले नारीको लैङ्गिक अत्याचारपूर्ण व्यवहारका विरुद्ध सचेत तथा संवेदनशील बन्न (पृ.१०) आग्रह गर्दै समलैङ्गिक भावनात्मक विचार प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजले विभिन्न आभुषण तथा शृङ्गार गर्न लगाएर नारीलाई दासी बनाउने गरेको विचार

व्यक्त गर्दै त्यस्ता लैङ्गिक विभेद र अन्यायलाई अन्त्य गर्न पढेर सचेत बन्नुपर्ने विचार व्यक्त भएको छ । "यी गहना त हामी नारीलाई दासी बनाइराख्न पुरुषले बनाएका हुन् । हाम्लाई यिनै गहना र कपडाले सिंगारेर खेलौना बनाउँछन् । यस्ता बन्धन तोड्नुपर्छ । ... पढ्नुपर्छ नानी, नयाँनयाँ किताब पढ्नुपर्छ, आँखा देख्नुपर्छ (पृ.२१) ।" उपर्युक्त अभिव्यक्तिले सघन लैङ्गिक विचारको सशक्त सङ्केत गरेको छ ।

परम्परागत विवाह जसमा छोरीलाई अभिभावकले पूर्ण नियन्त्रण र निर्देशन दिँदै अनचिनारु पुरुषसँग पठाइदिने गर्छन्, त्यस्तो लैङ्गिक अन्यायका विरुद्ध इन्दुले सचेत विचार प्रकट गर्दै भन्छे, "हजुरहरू मलाई गहना कपडाले सिंगारेर पुतलीजस्तै बनाएर बिक्री गर्न चाहनुहुन्थ्यो हैन ? भो, चाहिएन हजुरहरूको धनसम्पत्ति, आफै राख्नुहोस् (पृ.२९) ।" त्यस्तै यौनिक हिंसा र बलात्कारपछि दुई युवतीको हत्या भएको घटनापछि आन्दोलित बनेका जनसमुदायलाई सम्बोधन गर्दै नवराजले मानव अधिकार तथा लैङ्गिक सशक्तताका पक्षमा आवाज उठाएको (पृ.३०) देखिन्छ । इन्दुले राजनीतिमा सक्रिय सहभागी भएर समाज र राष्ट्रको परि वर्तनका लागि नारीहरू पनि पुरुषसरह सक्षम रहेको तथा सङ्घर्षमा समर्पित हुन चाहेको अभिव्यक्ति (पृ.३३) दिएर लैङ्गिक सशक्तताको उदाहरण पेस गरेकी छन् । "के देशका कैयौ महिलाहरूले त्यो गोरेटोमा हिँडेका छैनन् र ! के तपाईं पुरुषहरू मात्र यी सबै दुःख सहन सक्छन्, महिलाहरूचाहिँ सक्दैनन् भन्ने ठान्नुहुन्छ ? ... म सहिदहरूको बाटो पछ्याउन चाहन्छु, महिलाहरू अबला र कायर हुन्छन्, उनीहरू शृङ्गार र गृहस्थी मात्र रुचाउँछन् भन्नेहरूको मुखमा बुझो ठोक्न चाहन्छु (पृ.३३) ।" यसबाट नारीमा राजनीति र सामुदायिक क्षेत्रमा समानान्तर ढङ्गले अग्रसर भएर परिवर्तनका लागि योद्धा बन्ने आत्मविश्वास भएको सघन विचार को पुष्टि हुन्छ ।

निम्नपुँजीवादी प्रवृत्ति भएका र पितृसत्तात्मक संरचनाको अत्याचार बुझ्न नसकी आनन्द, भोगविलास तथा आडम्बरमा रमाउने सरिताजस्ता चरित्र भएका नारीहरूका कारणले पनि लैङ्गिक विभेदलाई टेवा पुगेको विचार राख्दै त्यस्ता प्रवृत्तिको विरोध गरेर सशक्त विचार व्यक्त गरिएको छ । "तिमीजस्तै मैयाँ सा'पहरूले गर्दा नै पुरुषहरूले आजसम्म हामीमाथि हैकम चलाउन पाएका हुन् । बुझ्यौ सरिता, अब महिलाहरू पैसा र गहनामा बिकेर दासी हुन तयार छैनन् । ... हामी भोकै हुन सक्छौँ, नाङ्गै हुन सक्छौँ तर तुच्छ सुख सुविधाका लागि तिमीले जस्तै आत्मा बेच्न तयार छैनौँ (पृ.४६) ।" यस अभिव्यक्तिमा क्षणिक सुख तथा पुरुष अधीन आनन्दमा रमाउने नारीहरूलाई पनि त्यस्तो दासत्वबाट मुक्त हुन आग्रह गरिएको छ । साथै त्यस्ता पितृसत्तात्मक सङ्कीर्ण चिन्तनको भरणपोषण गर्ने नारीहरूतर्फ व्यङ्ग्य गरेको पनि देखिन्छ । भ्रष्टाचारी बाबुले आफ्नो स्वार्थपूर्ति गर्नका लागि छोरीलाई वस्तुसरह बिक्री गर्ने शैलीमा परपुरुषसँग बिहे गरेर पठाउने निर्णय गरेपछि त्यसका विरुद्ध सशक्तआवाजसहित बिहे नगर्ने विचार छोरी ज्योतिले व्यक्त गर्नु, नियन्त्रणबाट मुक्त भएर स्वतन्त्र जीवनका लागि घरबाट भाग्नु (पृ.५३) जस्ता व्यवहारमा लैङ्गिक स्वतन्त्रता र अस्तित्व देखिन्छ । नारीलाई त्यस्तो पीडादायी र हिंसाजन्य व्यवहार भोग्न बाध्य बनाउने भ्रष्ट समाजलई ध्वस्त पारेर सुन्दर समाजको निर्माणका लागि समर्पित भई सङ्घर्ष गरेको (पृ.५४) कार्य लैङ्गिक सशक्तीकरण र सक्षमता हो । सङ्कीर्ण तथा पिछडिएको ग्रामीण समाजमा परिवर्तनको चेतना विकास गर्न नसकी पोखरा फर्किएकी इन्दु पुनः उक्त समाजमा गएर सङ्घर्ष गर्दै परिवर्तनका लागि दृढ बन्ने सङ्कल्प (पृ.५६, ५९) पनि चेतना र आत्मविश्वासको सङ्केत हो ।

भ्रममा परेका आफ्ना ससुरा तथा परिवारलाई सचेत विचारसहित सामाजिक रूपान्तरणको सान्दर्भिकता प्रस्ट पार्नु (पृ.६४) गाउँमा हेपिएर दुःखपूर्ण जीवन बिताएका नारी तथा पुरुषलाई चेतनशील बनाउँदै अधिकार र अस्तित्वप्रति उत्प्रेरित गर्नु (पृ.८०, ८२) जस्ता कार्यले इन्दुमा सघन एवम् दृढ क्षमता भएको देखिन्छ । कुनै लोग्नेमान्छेभन्दा नारीहरू कमजोर र अशक्त नभएको तथा घरायसी कामहरू विभाजन गरी गरेकाले र बाहिरी कामसहित घरभित्रका सम्पूर्ण समस्या हल गरी बच्चाको पालनपोषण लगायतका कामहरू पनि सम्पन्न गरेकाले सम्पूर्ण सृष्टि नै नारीले धान्ने गरेको (पृ.८५) अवस्था उद्घाटन गर्दै सक्षमताका उदाहरण

प्रस्तुत गरिएको छ । सामूहिक एकता र भावनाको विकास गरेर परम्परागत पितृसत्तात्मक समाजको अन्त्य र समानतामूलक समाज निर्माण गरी लैङ्गिक सन्तुलन कायम गर्न सकेको खण्डमा स्वर्ग पृथ्वीमा नै बन्ने विश्वास (पृ.८६) समेत व्यक्त गरिएको छ । अधिकार मागेर होइन सोद्देश्यमूलक अभियान र सङ्घर्षबाट प्राप्त गर्नुपर्ने (पृ.८९) सङ्घर्षशील धारणा प्रस्तुत भएको छ । सामाजिक रूपान्तरण तथा सङ्घर्षमा मायालु, सहयो गी र आत्मिक सहयात्री भएपछि सजिलै सफलता प्राप्त गर्न सकिने (पृ.१००) विचार लैङ्गिक सम्मान तथा समानान्तर भूमिकाको अपेक्षा हो । युवतीहरूको इज्जत तथा प्रतिष्ठा सबभन्दा ठूलो कुरा मान्दै समाजमा उच्च वर्गीय पुरुष तथा महिला बराबर नै निम्नवर्गीय नारी पुरुषको अस्तित्व रहेको वर्गीय र लैङ्गिक विचार (पृ.१०५) व्यक्त गर्दै उपन्यासकारले निम्नवर्गीय नारीहरूले लैङ्गिक हिंसा अझ बढी भोग्नु परेकाले त्यसतर्फ सचेत हुन आग्रह गरेका छन् ।

नारीको अस्मितामाथि खेलवाड गर्ने जोकोहीलाई पनि कार्वाहीको दायरामा ल्याउनुपर्ने (पृ.१०६) आवाजसहित धर्मेलाई सामाजिक बेइज्जत गरी (पृ.१०६) अत्याचारको विरुद्धमा सशक्तव्यवहार प्रकट गरेको देखाएर लैङ्गिक सशक्तता तथा सम्मानको पक्षपोषण गरिएको छ । सामाजिक शोषण, अन्याय र अत्याचारका विरुद्धमा गाउँभरका नारी पुरुषको समान सहभागितामा जागरण सभाको आयोजना (पृ.१०९) गरी विभेदयुक्त समाजलाई चुनौती दिँदै इन्दु भन्छिन्, "हामी थोपाथोपा पानीहरू एकै ठाउँमा सँगालिएर नदी बन्नुपर्ने बेला आएको छ । त्यसो भयो भने हामीले जस्तासुकै ढिस्काहरू पनि भत्काउन सक्नेछौँ । सम्झिराखौँ, रात जतिसुकै लामो भए पनि उज्यालो अवश्य हुनेछ (पृ.११२) ।" यसले सामूहिक सशक्त सक्रियता र समर्पणबाट समानतामूलक समाजको निर्माण सुनिश्चित भएको सङ्केत गर्दछ । लैङ्गिक विभेद अन्त्य गर्न पुरुष र महिलाको समान भूमिका औंल्याउँदै पुरुषले महिलालाई मात्र शोषण र दमन नगर्ने तथा महिला पनि आफ्नो अधिकार तथा अस्तित्वप्रति सचेत हुनुपर्ने (पृ.११२) धारणा राखिएको छ । इन्दु राजनीतिक संस्थाको सदस्य बनेर (पृ.११३) सामाजिक परिवर्तनका लागि गरिएको सङ्घर्षको अगुवाइ गर्दै नेतृत्व सम्हालेको घटना लैङ्गिक सशक्तीकरणको बलियो दृष्टान्त हो । चन्द्राको अगुवाइ तथा इन्दुको योजनामा तमाम महिला र पुरुष सम्मिलित समूह सङ्घर्ष जारी राख्दै (पृ.११६, ११७) सफलतातर्फ अभिमुख भएको देखिन्छ ।

नारी पुरुषको सक्रिय सहभागिता र सङ्घर्षले परम्परावादी समाजका नाइके शासकहरूको शासन समाप्त भएर प्रजातन्त्रको स्थापना (पृ.११९) हुनु परिवर्तनकारी तथा न्यायप्रेमी समुदायको विजय हो । यसरी सहयात्री उपन्यासमा विभिन्न लैङ्गिक हिंसा तथा सामाजिक समस्याको अन्त्य गर्न नारी र पुरुषको समानान्तर राजनैतिक सङ्घर्ष एवम् सामाजिक लैङ्गिक जागरण सफल बनेको छ । सचेतना र सशक्तविचारसहित दृढ आत्मविश्वास बोकेर समर्पित हुने हो भने जस्तोसुकै पिछडिएको समाजमा पनि परिवर्तनको ज्योति बाल्न सम्भव हुन्छ । त्यस्तै समाजको आन्तरिक सक्षमता विकासमा नारीको केन्द्रीय भूमिका हुने देखाइएकाले यस उपन्यासमा लैङ्गिक सशक्तीकरणको अपेक्षासहित लैङ्गिक सन्तुलनलाई प्राथमिकता दिइएको छ ।

## निष्कर्ष

सामाजिक परिवर्तनको वैचारिक प्रवाह र सफलता देखाइएको सहयात्रीको सुखान्त परिणामले उपन्यासलाई सार्थक बनाएको छ । पितृसत्तात्मक संस्कारबाट ग्रसित बनेका व्यक्तिहरूलाई चेतना जागृत गराउँदै आफ्नो अधिकार तथा स्वतन्त्रताप्रति अभिमुख बनाएर सामन्तवादी पितृसत्ताको गिर्दो अवस्था र असफलता एवम् सामाजिक न्याय, स्वतन्त्रता तथा लैङ्गिक विचारको सफलताले उपन्यासमा समाजवादी सौन्दर्य प्रकट भएको छ । परम्परित नकारात्मक मनोविज्ञान भएका प्रौढ तथा युवावस्थाका नारी र पुरुषलाई लैङ्गिक अधिकार, समानता एवम् सामाजिक न्यायतर्फ अभिमुख तुल्याएर सामन्तका नाइकेहरूलाई दण्डित गरिएकाले पनि उपन्यास परिवर्तनकामी देखिन्छ । समाजमा हुने वैचारिक सङ्कीर्णता परम्परित विभेदयुक्त समाजको दोष भएकाले त्यस्ता पछौटे अवस्थालाई स्थानीय सन्दर्भअनुसार सचेततापूर्वक सुधार्न सकिन्छ भन्ने भाव व्यक्त भएको छ ।

लैङ्गिक अत्याचार र विभेदको अन्त्यका लागि सबै नारीहरू सचेत हुनुपर्ने आग्रह सहित सामूहिक सक्रियताले

अधिकार निर्माण तथा लैङ्गिक सन्तुलन कायम गर्न सकिने विचार सहयात्रीका मुख्य उपलब्धि छन् । नारीलाई केन्द्रीय भूमिका दिएर पुरुषसँगको समानान्तर सहकार्य तथा सक्रियताले मात्र सामाजिक परिवर्तन सम्भव देखाउनु लैङ्गिक दृष्टिले सबल पक्ष हो । लैङ्गिक चेतना र सशक्तीकरणको आवाजलाई प्राधान्य दिएर सन्तुलि विचार प्रवाह गर्न सक्षम रहेकाले उपन्यासकार शीतविन्दु लैङ्गिक मुद्दामा अत्यन्त संवेदनशील रहेको निष्कर्ष दिन सकिन्छ । अर्कातर्फ सहयात्री नामकरणले पनि लैङ्गिक समानान्तर अस्तित्वलाई प्रमुख स्थान दिएको प्रस्ट हुन्छ । नारीवादको सन्तुलित सौन्दर्य सहयात्रीमा प्रकट भएको देखिन्छ ।

## सन्दर्भसामग्री


अर्याल, भोजेन्द्र. (२०६८). *लैङ्गिक र महिलावादी अध्ययन.* काठमाडौँ : ज्ञानकुन्ज प्रकाशन ।

अली, जोन जी. (सन् १९९६). *वेब्स्टर्स डिक्सनरी.* अमेरिका : ओटन्हेइमर पब्लिसर्स ।

आचार्य, बलराम. (२०६१). *लैङ्गिक अध्ययन.* काठमाडौँ : नेसनल बुक सेन्टर ।

उप्रेती, सञ्जीव. (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्क. काठमाडौँ : अक्षर क्रियसन्स ।

एङ्गेल्स, फेडरिख. (सन् १८८४). *द ओरिजिन अफ द फेमिली प्राइभेट प्रपर्टी एन्ड द स्टेट* (अनु. राजेन्द्र मास्के) काठमाडौँ : प्रगति पुस्तक सदन ।

एस्क्रफ्ट, बिल र अन्य, सम्पा.(सन् २००६), *द पोस्ट क्लोनियल स्टडिज रिडर,* दो.संस्क. लन्डन, न्युयोर्क : रट्लेज ।

क्रोलोके, चार्लोटी एन्ड अने स्कट सोरेन्सन, (सन् २००६), *जेन्डर कम्युनिकेसन थ्योरिज एन्ड अनलाइसिस्.* क्यालिफोर्निया : सेज पब्लिकेसन्स ।

गौतम, कृष्ण. (२०६४), *उत्तर आधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

टाइसन, लुइस. सम्पा. (सन् २००६), *क्रिटिकल थ्योरी टुडे,* दो.सं. लन्डन, न्युयोर्क : रट्लेज ।

पिल्चर, जे. एन्ड आइ. ह्वेलहेन, (सन् २००४), *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज,* लन्डन : सेज पब्लिकेसन्स ।

फुको, मिचेल, (सन् १९७८), *द हिस्ट्री अफ सेक्सुआलिटी (भोलुम १),* न्यूयोर्क : पान्थेन बुक्स ।

बट्लर, जुडिथ, (सन् १९९०), *जेन्डर ट्रबल,* न्युयोर्क : रट्लेज ।

बन्धु, चूडामणि, (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, ऋषिराज. (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र. (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* तेस्रो संस्क, ललितपुर : साझा प्रकाशन ।

बुभा, सिमोन द. (सन्. १९४९), *द सेकेन्ड सेक्स (अनु. रमेश सुनुवार).* काठमाडौँ : प्रगति पुस्तक सदन ।

बुभिनिक, मायरा एन्ड अदर्स. सम्पा. (सन् २००८), *इक्वालिटी फर उमन,* वासिङ्टन डी.सी : द वर्ल्ड बैङ्क ।

बेबेल, अगस्त एफ. (सन् १८८३), *उमन इन द पास्ट, प्रिजेन्ट एन्ड फ्युचर. (अनु. कृष्णदास श्रेष्ठ),* काठमाडौँः पैरवी प्रकाशन ।

भट्टराई, गोविन्दराज. (२०६१), *पश्चिमी बलेँसीका बाछिटा,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

भट्टराई, गोविन्दराज. (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स ।

मिड टि.ए.एन्ड ह्याङ्कस् एम. सम्पा. (सन् २००४), *अ कम्पानिअन टु जेन्डर हिस्ट्री,* अमेरिका : ब्लाकवल पब्लिसिङ

मिल, जोन स्टुअर्ट. (सन् १८६९), *द एब्जेक्सन अफ उमन (अनु. प्रगति सक्सेना),* न्यु दिल्ली : राजकमल प्रकाशन प्रा.लि. ।

मिलेट, काट. (सन् २०००), *सेक्सुअल पोलिटिक्स (रिप्रिन्टेड),* अमेरिका : युनिभर्सिटी अफ इलिनोइस प्रेस ।

मिल्स, सारा एन्ड मुलानी लुइस. (सन् २०११), *ल्याङ्ग्वेज, जेन्डर एन्ड फेमिनिज्म,* न्युयोर्क : रट्लेज ।

लुइटेल, समिरा (सन् २००८), *जेन्डर स्टडिज,* काठमाडौँ : एकेडेमिक बुक सेन्टर ।

लेन्ट्रिखिय, फ्रेड्क एन्ड थोमस मेक्लघलिन. सम्पा. (सन् १९९५), *क्रिटिकल टर्म्स फर लिटेररी स्टडी,* दो.सं. सिकागो : द युनिभर्सिटी अफ सिकागो प्रेस ।

वेदरल, आन. (सन् २००९). *जेन्डर ल्याङ्ग्वेज एन्ड डिस्कोर्स* (डिजिटल प्रिन्ट).न्युयोर्कः रट्लेज ।

वोल्स्टनक्राफ्ट, मेरी. (सन् १७९२), *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन (अनु. मीनाक्षी),* न्यु दिल्लीः राजकमल प्रकाशन प्रा.लि. ।

शीतविन्दु. (२०६०), *सहयात्री,* दोस्रो संस्कर, काठमाडौँ : साथी प्रकाशन ।